CS Scanned with CamScanner

श्री विशेष अदालत, काठमाण्डौ

इजलास नं.२

सदस्य माननीय श्री नारायणप्रसाद पौडेल

सदस्य माननीय श्री हेमन्त रावल

सदस्य माननीय श्री उमेश कोइराला

**आदेश**

**मुद्दा नं.: ०८२-CR-०१६१**

नेपाल सरकार---------------------------------------------------------------------१ } वादी

**विरुद्ध**

तीर्थराज अर्याल ---------------------------------------------------------------------१

सुनिल कुमार के.सी.----------------------------------------------------------------२

सोमेश थापा ----------------------------------------------------------------------------३

तुलसी प्रसाद आचार्य-------------------------------------------------------------४ } प्रतिवादी

विपिन प्रसाई-------------------------------------------------------------------------५

राजाराम दाहाल---------------------------------------------------------------------६

मणिन्द्र राज मल्ल-------------------------------------------------------------------७

मुद्दाः सार्वजनिक सम्पत्तिको गैरकानूनी लाभ/हानी पुऱ्याई भ्रष्टाचार गरेको।

आरोपपत्रसाथ उपस्थित गराइएका प्रतिवादीहरु तीर्थराज अर्याल, सुनिल कुमार के.सी., तुलसी प्रसाद आचार्य, विपिन प्रसाई, सोमेश थापा, राजाराम दाहाल र मणिन्द्र राज मल्लको वयान कार्य सम्पन्न भई मिसिल कागजात अध्ययन गरियो। वादी नेपाल सरकारको तर्फवाट विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान् उपन्यान्याधिवक्ता द्वय श्री वद्रीकुमार कार्की र श्री भिमसेन काफ्ले एवम् विद्वान् सहायक न्यायाधिवक्ता श्री विकास बन्जाराले तथा प्रतिवादीहरुको तर्फबाट देहायबमोजिमका विद्वान् कानून व्यवसायीहरुले गर्नुभएको वहस समेत सुनियो।

देहाय

| क्र.स. | प्रतिवादीको नाम | बहस गर्ने विद्वान् कानून व्यवसायीहरु |
|---|---|---|
| १. | तीर्थराज अर्याल | विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री महादेव प्रसाद यादव र श्री बाबुराम दहाल र तथा |

| | | |
|---|---|---|
| | (राहदानी विभागका तत्कालीन महानिर्देशक) | विद्वान् अधिवक्ताहरु श्री टिका वहादुर कुँवर, श्री कैलाश तामाङ, श्री ताराप्रसाद अर्याल र श्री रंजिता थापा |
| २. | सुनिल कुमार के.सी. तत्कालीन निर्देशक (सूचना प्रविधि) | विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रकाश वहादुर के.सी. |
| ३. | सोमेश थापा (तत्कालीन शाखा अधिकृत) | विद्वान् अधिवक्ताहरु श्री सूर्यराज दाहाल, श्री तेज बहादुर कार्की, श्री अर्जुन पौडेल |
| ४. | तुलसी प्रसाद आचार्य (तत्कालीन लेखा अधिकृत) | विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री श्री कृष्णप्रसाद सापकोटा र शिव प्रसाद रिजाल तथा अधिवक्ताहरु श्री मनोज कुमार आचार्य, श्री सुजन रिजाल र श्री मेनुका ढकाल |
| ५. | विपिन प्रसाई (तत्कालीन कम्प्युटर इन्जिनियर) | वरिष्ठ विद्वान् अधिवक्ता श्री हरि प्रसाद उप्रेती, विद्वान् अधिवक्ता श्री नारायण प्रसाद पराजुली |
| ६. | राजाराम दाहाल- परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिव (कानून) | विद्वान् अधिवक्ताहरु श्री निर्भयराज पौडेल, श्री दयाराम दाहाल, श्री सिता खड्का |
| ७. | मणिन्द्र राज मल्ल (Muehlbauer ID Servies GmbH नेपाल स्थित सहजकर्ता) | विद्वान् वरिष्ठ अधिवक्ता द्वय श्री शम्भु थापा र श्री सतिसकृष्ण खरेल तथा विद्वान् अधिवक्ताहरु श्री युवराज वञ्जाडे, श्री बल्लव बस्नेत, श्री हिमेशकृष्ण खनाल र श्री निरुपण कार्की। |

यसमा, राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल समेतका प्रतिवादीहरुले Muehlbauer ID Services GmbH एवं उक्त कम्पनीको मुख्य भई काम गर्ने M/S Gerhard Maurer, M/S Pavle Rakic, नेपाल स्थित सहजकर्ता मणिन्द्र राज मल्ल र Veridos GmbH एवं उक्त कम्पनीका मुख्य भई काम गर्ने M/S Fabiola Bellersheim, M/S Florian Pacquelin, नेपाल स्थित सहजकर्ता सिद्धार्थ थापासमेतले संग आपसी मिलेमतोमा वदनियत राखी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ लगायतका प्रचलित कानून विपरीत आफू समेतका प्रतिवादीहरुलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानी हुने गरी सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून तथा खरिद सम्झौतामा उल्लिखित शर्त, मापदण्ड र व्यवस्थाको प्रतिकुल हुने लगायतका कार्य गरी Package I- ICB No. DoP/G/ICB/०१/०८१/८२ ठेक्कामा Muehlbauer ID Services GmbH लाई रु.१,९०,६९,५७,०३२।६२ र Package II - ICB NO. Dop/G/ICB/02/081/8 ठेक्का Veridos GmbH लाई रु.८,२२,३५,०४,४४४।३९ रकम मूल्यमा ठेक्का सम्झौता गरी गराई गैरकानूनी तवरबाट ठेक्का लिने दिने कार्य गरी गराई देहाय वमोजिमका कसूर गरेको हुँदा देहाय बमोजिमको प्रतिवादीहरुको हकमा निम्नानुसारका विगो कायम गरी सजाय समेत गरिपाउँ भनी आरोपपत्र दायर भएको देखिन्छः-



CS Scanned with CamScanner

## देहाय

| क्र.सं. | प्रतिवादीहरुको नाम र पद | दावीको बिगो | आकर्षित कानून<br>कैद, जरिवाना, जफत लगायतको सजाय |
|---|---|---|---|
| १. | तीर्थराज अर्याल (राहदानी विभागका तत्कालीन महानिर्देशक) | रु.१८,४४,०८,८८७।१८ (अक्षरेपी अठार करोड चौवालिस लाख आठ हजार आठ सय सत्तासी रुपैया अठार पैसा) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (घ२), (घ३), (घ९), (ङ), (च), (ञ) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा<br>सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुनुका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसूर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदावी बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय गरी पाउँ। |
| २. | सुनिल कुमार के.सी. तत्कालीन निर्देशक (सूचना प्रविधि),<br>तुलसी प्रसाद आचार्य (तत्कालीन लेखा अधिकृत),<br>विपिन प्रसाई (तत्कालीन कम्प्युटर इन्जिनियर),<br>सोमेश थापा (तत्कालीन शाखा अधिकृत) र<br>राजाराम दाहाल परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिव (कानून) | रु.१८,४४,०८,८८७।१८ (अक्षरेपी अठार करोड चौवालिस लाख आठ हजार आठ सय सत्तासी रुपैया अठार पैसा) | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (घ२), (घ३), (घ९), (ङ), (च), (ञ) र सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा<br>सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना समेत गरीपाउँ। |
| ७. | मणिन्द्र राज मल्ल (Muehlbauer ID Servies GmbH नेपाल स्थित सहजकर्ता) | रु.१,९०,६९,५७,०३२।६२ (अक्षरेपी एक अरव नव्बे करोड उनान्सत्तरी लाख सन्ताउन्न हजार वत्तिस रुपैया बसैठ्ठी पैसा) | भ्रष्टाचार निवारण ऐन, २०५९ को २२ बमोजिम लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको कसूरमा सोही ऐनकोको दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (घ२), (घ३), (घ९), (ङ), (च), र (ञ) बमोजिमको कसूरमा<br>सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम निजलाई मुख्य कसूरदार सरह सजाय गरीपाउँ। |



CS Scanned with CamScanner

उपर्युक्त मागदाबी रहेको परिप्रेक्ष्यमा यी प्रतिवादीहरुको हकमा के, कसरी मुद्दा पुर्पक्ष गर्ने भन्ने सम्बन्धमा विचार गर्दा, यी प्रतिवादीहरुले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र यस अदालत समक्ष गरेको बयान व्यहोरा देहाय बमोजिम रहेको देखिन्छ:-

<u>देहाय</u>

| क्र. सं. | प्रतिवादी | प्रतिवादीहरुले गरेको बयान व्यहोरा |
|---|---|---|
| १. | तीर्थराज अर्याल | मौजुदा Equipment, Hardware, Software Licensing प्रयोग गरी यस अघि खरिद गरिएको ३४ पृष्ठको राहदानीको मुल्य प्रति राहदानी अमेरिकी डलर १०.१३ को तुलनामा वर्तमान खरिद प्रक्रियाबाट कम मुल्य प्रति राहादानी करिब अमेरिकी डलर ८.६२ मा तथा उच्च गुणस्तर एवम अन्तराष्ट्रिय मापदण्ड अनुसारको राहदानी खरिद गर्ने गरी सम्झौता भएको र सो कार्यमा कुनै बदनियत रहेको छैन। कुनै सामानको दोहोरो खरिद भएको वा गलत प्रयोग भएको छैन। End to End solution विधिबाट खरिद गर्ने वा Slicing and Packaging गरी खरिद गर्ने भन्ने सम्बन्धमा प्राविधिक उपसमितिले बिस्तृत अध्ययन गरी slicing गर्दा प्रतिष्पर्धाको दायरा फराकिलो हुने, ज्ञान हस्तान्तरण हुने, विभागलाई flexibility हुने, vendor dependency कम हुने, जस्ता फाइदा हुने भनी प्रतिवेदन दिएकोले सोही अनुसार २ प्याकेजमा खरिद गरिएको हुँदा आरोप दावी बमोजिमको कुनै कसूर गरे गराएको छैन। |
| २. | सुनिल कुमार के.सी. | म राहदानी विभागमा मिति २०८१/११/१८ देखि हाजिर भई वोलपत्र मूल्याङ्कनको चरणदेखि मात्र संलग्न रहेको हुँदा म हाजिर हुनु भन्दा अगाडी भए गरेका कार्यहरुको विषयमा मलाई जानकारी छैन। बोलपत्र मूल्याङ्कनको क्रममा दुवै प्याकेजमा बोलपत्र पेश गरेका बोलपत्रदाताहरुले प्रस्ताव गरेको बोल अङ्कहरु मध्ये न्यून मूल्याङ्कित भएका छुट्टा छुट्टै बोलपत्रदाताहरूले कबोल गरेको बोल अङ्क न्यून भएको देखिएको हुँदा End-to-End विधिबाट भन्दा Slicing and Packaging विधिबाट खरिद कार्य गर्दा राज्यलाई लाभ हुन जाने र हानी नोक्सानी नहुने हुँदा आरोप दावी बमोजिमको कुनै पनि कसूरजन्य कार्य गरे गराएको छैन । |
| ३. | तुलसी प्रसाद आचार्य | विगतमा End-to-End विधिबाट राहदानी छपाई कार्य भईरहेकोमा सार्वजनिक खरिद ऐन, नियममा Slicing and Packaging को व्यवस्था रहेको र कानून बमोजिम Slicing and Packaging गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी Slicing and Packaging गर्दा विभागलाई आगामी दिनमा राहदानी खरिद प्रक्रिया प्रणाली के कति प्याकेजमा गर्न सकिन्छ भन्ने बारेमा प्राविधिकबाट प्रतिवेदन प्राप्त गरी २ वटा प्याकेजमा राहदानी खरिद प्रक्रिया अगाडी बढाउँदा सस्तो हुन जाने देखियो। विगतमा प्रति राहदानी १०.१३ सेन्टमा छपाई कार्य गरिरहेकोमा Slicing and Packaging गरी २ प्याकेजमा खरिद बन्दोबस्त गर्दा सस्तोमा राहदानी प्राप्त गर्न सकिएको अवस्था रहेको र आईडिमिया कम्पनीले ठेक्का नपाएपछि विभागीय प्रमुख समक्ष मूल्याङ्कनमा चित्त नबुझी निवेदन दिएकोमा विभागीय प्रमुखको निर्णय उपर PPRC केशरमहलमा मुद्दा दिएकोमा उक्त मुद्दामा निजको |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | | दावी नपुग्ने गरी निर्णय भएको समेत देखिँदा आरोपपत्र बमोजिमको कुनै कसूर नगरेको हुँदा न्याय इन्साफ दिलाई पाउँ। |
| ४. | विपिन प्रसाई | खरिद समितिको मिति २०८१/०३/१४ गतेको निर्णय अनुसार विद्युतीय राहदानी खरिदमा End to End विधि वा दुई ओटा प्याकेज विधिबाट खरिद गर्ने सम्बन्धमा खरिद उपसमितिलाई सुझाव पेश गर्न निर्देशन दिएको र उक्त खरिद उपसमितिमा म सदस्य रहेको र सो उप- समितिले दुवै End to End विधि वा दुई ओटा प्याकेज विधिबाट खरिद गर्दाको फाइदा बेफाइदा विश्लेषण गरेर खरिद समितिलाई प्रतिवेदन बुझाएको हो। जिम्मेवारी दिइएअनुसार Technical specification तयार गर्ने र कानूनी प्रक्रिया अनुसार लागत अनुमान तयार गर्ने कार्य गरेको हो। सोहि खरिद प्रक्रिया अनुसार बोलपत्र आह्वान पश्चात बोलपत्र खोल्दा प्याकेज १ मा तीन वटा र प्याकेज २ मा चार वटा बोलपत्रदाताले बोलपत्र पेश गरेका थिए।विभागले मितव्ययी तरिकाले खरिद गरकोले राज्यलाई हानिनोक्सानी नभइ फाईदा भएको छ। विगतको मूल्य भन्दा कम मूल्यमा राहदानी पुस्तीका तथा प्रणाली यस खरिद प्रक्रियाबाट प्राप्त भएको हुँदा आरोपदावी बमोजिमको कसूर नगरेकोले निराधार र तथ्यहिन आरोपदावीबाट फुर्सद पाउँ। |
| ५. | सोमेश थापा | खरिद कार्यमा कुनै बदनियत गरेको छैन। End to End विधिबाट खरिद गर्ने Slicing and Packaging गरी खरिद गर्ने भन्ने सम्बन्धमा प्राविधिक उपसमितिले विस्तृत अध्ययन गरी Slicing गर्दा प्रतिष्पर्धाको दायरा फराकिलो हुने, ज्ञान हस्तान्तरण हुने, विभागलाई राहदानी प्रणालीको दीर्घकालीन सञ्चालनमा flexibility हुने, vendor dependency कम हुनेजस्ता फाइदा हुने तर त्यसका लागि विभागले प्राविधिक जनशक्ति थप गर्नुपर्ने शर्त सहित प्रतिवेदन दिएकाले सोही अनुसार २ प्याकेजमा खरिद गर्ने निर्णय भएको हो। विभागले प्राविधिक समितिको राय अनुसार आगामी दिनमा ज्ञान हस्तान्तरण होस् भनी विभागमा ४ जना कम्प्युटर ईन्जिनियरको दरबन्दी समेत थपेको छ।२ वटा प्याकेज़मा खरिद गर्दा विभागलाई पहिले भन्दा सस्तो मुल्य मा राहदानी प्राप्त हुने सुनिश्चित भएकाले उक्त आरोप दावी बमोजिमको कुनै पनि कार्य मैले नगरेको हुँदा न्याय ईन्साफ पाउँ। |
| ६. | राजाराम दाहाल | म बोलपत्रको आर्थिक पक्षको मूल्याङ्कनमा सहभागी भएको हुँ। बोलपत्रको आर्थिक पक्षको मूल्याङ्कनको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ को उपदफा (२) र (३) ले दिएको अधिकार भित्र रही बोलपत्रको आर्थिक पक्षको मुल्याङ्कन गरिएको हो। बोलपत्र मुल्याङ्कन समितिको मुल्याङ्कन उपर चित्त नवुझाई बोलपत्रको प्रकृयामा सहभागी एउटा बोलपत्रदाताले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (१) बमोजिम निर्णयको पुनरावलोकनको लागि सार्वजनिक निकायका प्रमुख समक्ष निवेदन दिंएको र सार्वजनिक निकायको प्रमुखले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को उपदफा (६) बमोजिम निर्णय गरेका थिए। सार्वजनिक निकायको प्रमुखको निर्णय उपर समेत चित्त नवुझाई निज बोलपत्रदाताले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४९ बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४८ बमोजिमको समिति समक्ष पुनरावलोकनको लागि निवेदन दिएकोमा सार्वजनिक खरिद पुनरावलोकन समितिले समेत बोलपत्र मुल्याङ्कन समितिबाट भएको मुल्याङ्कनको कार्य मिलेकै |



CS Scanned with CamScanner

| | | |
|---|---|---|
| | | देखिएको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० को उपदफा (५) को खण्ड (क) बमोजिम निवेदन खारेज गर्ने निर्णय गरेको हुँदा सवै कामहरु खरिद सम्वन्धी प्रचलित नेपाल कानून बमोजिम भई आरोप दावी बमोजिम कसूर नगरेको हुँदा आरोप दावीबाट सफाई दिई न्याय ईन्साफ पाउँ। |
| ७. | मणिन्द्र राज मल्ल | Veridos GmbH सँग मेरो कुनै व्यवसायिक, आर्थिक वा व्यक्तिगत सम्बन्ध छैन । Package II को वोलपत्र मुल्याङ्कन, सिफारिस, आशयको सूचना र सम्झौताका कुनै पनि चरणमा मेरो संलग्नता छैन। Package II मा भुक्तानी भएको रू १८,४४,०८,८८७।१८ Veridos GmbH लाई नेपाल सरकारले भुक्तानी गरेको हो, जुन रकमसँग मेरो कुनै सम्बन्ध नै छैन। आरोपपत्रमा Veridos GmbH को नेपाल स्थित प्रतिनिधि सिद्धार्थ थापालाई अलग्गै उल्लेख गरिएको छ, जसबाट पनि म Package II सँग कुनै रुपमा आवद्ध नरहेको स्पष्ट हुन्छ। प्रतिस्पर्धा संकुचित गर्ने सम्बन्धमा हेर्दा बोलपत्र आह्वानमा ३ र ४ वटा अन्तर्राष्ट्रिय कम्पनीहरुको सहभागिता भएको तथ्यले प्रतिस्पर्धा संकुचित भएको दाबी स्वयं आफैंमा खण्डित हुन्छ। कुनै पनि भुक्तानी कागजातमा मेरो हस्ताक्षर वा संलग्नता रहेको छैन। |

यसरी, प्रतिवादीहरु मध्येका तीर्थराज अर्याल, सुनील कुमार के.सी, सोमेश थापा, विपिन प्रसाई र मणिन्द्र राज मल्लले अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा र यस अदालत समक्ष बयान गर्दा आरोप दावी अनुसारको कसूर गरेको कुरामा ईन्कार रहेको अवस्था देखिए तापनि मिसिल संलग्न उजुरी व्यहोरा, राहदानी विभागका महानिर्देशकको संयोजकत्वमा विद्युतीय राहदानी खरिद समिति गठन सम्वन्धमा मिति २०८०।१२।३० मा भएको उप-प्रधानमन्त्रीस्तरीय निर्णय व्यहोरा, प्राविधिक विशेषज्ञको संयोजकत्वमा मूल्याङ्कन समिति र प्राविधिक उपसमिति गठन गर्ने गरी मिति २०८१।११।०९ मा भएको मन्त्रिस्तरीय निर्णय व्यहोरा, Technical Specification तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका निर्देशक मनिष भट्टराईको संयोजकत्वमा प्राविधिक उपसमिति गठन सम्बन्धमा खरिद समितिबाट मिति २०८१।१।३१ को निर्णयमा भएको व्यहोरा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका निर्देशक मनिष भट्टराईको संयोजकत्वमा गठित खरिद उपसमितिबाट Slicing सम्बन्मा दिईएको प्रतिवेदन, Technical Specifications तयार गर्ने गरी खरिद समितिबाट मिति २०८१।०३।१८ मा भएको निर्णय व्यहोरा, Package-I (IFB।DOP।G।ICB-01।081।082) बोलपत्रदाता Muehlbauer ID Services GmbH ले Blade Server को ठाउँमा Rack Server प्रस्ताव गरेकोमा ती दुईका विचको भिन्नता र लागत फरक पर्न जाने अवस्था समेतका सम्बन्धमा सुनिल कुमार के.सी.समेतको प्राविधिक मूल्याङ्कन उपसमितिले मिति २०८२।०१।२६ मा पेश गरेको प्रतिवेदन व्यहोरा तथा ती दुइको बनावट, कार्यसम्पादनको स्तर र मर्मत सम्भार समेतका सम्बन्धमा हरिप्रसाद पोखरेलले

Scanned with CamScanner

पेश गरेको राय र त्यसको तुलनात्मक विवरण, Package II (IFB | DOP | G | ICB-02 | 081 | 082) मा बोलपत्र आह्वान भैसके पश्चात् संशोधन भएको अवस्था र सो समेतका सम्वन्धमा प्राविधिक उपसमितिले मिति २०८१।१२।१९ मा पेश गरेको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका कैफियतका आधारमा माग गरेको स्पष्टीकरण व्यहोरा, बोलपत्र मुल्याङ्कन समितिको मिति २०८२।०२।२१ गतेको आर्थिक प्रस्तावको मूल्याङ्कन सम्वन्धमा भएको निर्णय व्यहोरा, सुरेश प्रधान, रत्न कुमार श्रेष्ठ र ध्रुव नेपालसमेतले मिति २०८३।०३।०५ मा पेश गरेको राय व्यहोरा, प्रतिवादी मध्येका मणिन्द्र राज मल्लका हकमा निज प्रतिवादी Muehlbauer ID Services GmbH कम्पनीको नेपाल स्थित कार्यालयको आधिकारिक प्रतिनिधि नभए पनि निज प्रतिवादीले प्रस्तुत मुद्दासँग सम्बन्धित खरिद कार्यमा विभाग र कम्पनीका वीचमा सहजीकरण गरेको सम्बन्धमा बयानको क्रममा व्यक्त गरेको व्यहोरा र मौकामा बुझिएका सुरेन्द्र कुमार श्रेष्ठले अनुसन्धानका क्रममा खुलाएको व्यहोरा समेतका तत्काल प्राप्त तत्काल प्राप्त आधार प्रमाणहरुलाई मध्यनजर गर्दा निज प्रतिवादीहरुको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को (घ) को अवस्था विद्यमान रहेको देखियो।

अतः पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादीहरु मध्येका तीर्थराज अर्याल, सुनील कुमार के.सी, सोमेश थापा र विपिन प्रसाईको पदीय हैसियत र विभिन्न समितिमा रही निजहरुले निर्वाह गरेको भूमिका तथा प्रतिवादी मध्येका मणिन्द्र राज मल्लको भूमिका समेतलाई विचार गरी निज प्रतिवादीहरुबाट देहायबमोजिमको नगद वा सो बराबरको बैंक जमानत दिए लिई निजहरुलाई तारिखमा राख्नू। उक्त नगद धरौटी वा बैंक जमानत नदिए विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम थुनुवा पूर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाई दिनू।

देहायः-

| क्र.स. | प्रतिवादीको नाम | धरौटी रकम रु. (अंकमा) | धरौटी रकम (अक्षरमा) |
|---|---|---|---|
| १. | तीर्थराज अर्याल | रू.५,००,०००/- | पाँच लाख रूपैया |
| २. | सुनिल कुमार के.सी. | रू.४,००,०००/- | चार लाख रूपैया |
| ३. | सोमेश थापा, | रू.३,००,०००/- | तिन लाख रूपैया |
| ४. | विपिन प्रसाई | रू.३,००,०००/- | तिन लाख रूपैया |
| ५. | मणिन्द्र राज मल्ल | रू.५,००,०००/- | पाँच लाख रूपैया |

त्यसैगरी, प्रतिवादीहरु मध्येका तुलसी प्रसाद आचार्य र राजाराम दाहालको हकमा विचार गर्दा, प्रतिवादी मध्येका तुलसी प्रसाद आचार्य मिति २०८२।०६।२७ मा राहदानी विभागबाट अन्यत्र सरुवा भई गएको

भन्ने देखिएको र अर्का प्रतिवादी राजाराम दाहाल मिति २०८२।०१।०८ मा मात्र राजधानी विभागमा सरुवा भई आएको भन्ने देखिएको, निजहरु कार्यरत रहेको अवधि तथा निजहरुको पदीय हैसियत र विभिन्न समितिमा रही निजहरुले निर्वाह गरेको भूमिका समेतलाई दृष्टिगत गर्दा निज प्रतिवादीहरुको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को खण्ड (ग) को अवस्था विद्यमान रहेको देखिन्छ।

तसर्थ, प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी निज प्रतिवादीहरु तुलसी प्रसाद आचार्य र राजाराम दाहाललाई साधारण तारिखमा राखी प्रस्तुत मुद्दाको पुर्पक्ष गर्नू।

सदस्य सदस्य सदस्य

आदेश सुनी सही गर्ने प्रतिवादीहरु:-

तीर्थराज अर्याल सुनील कुमार के.सी सोमेश थापा

विपिन प्रसाई मणिन्द्र राज मल्ल तुलसी प्रसाद आचार्य राजाराम दाहाल

इति संवत् २०८३ साल असार महिना १५ गते रोज २ शुभम्........................................................।



CS Scanned with CamScanner